श्री उच्च सरकारी वकील कार्यालय तुलसीपुर २०७३

## वैठक नं २५

आज मिति २०८२।०५।१५ गते आईतबारका दिन उच्च सरकारी वकील कार्यालय, तुलसीपुरमा कार्यरत देहायका कर्मचारीहरुको उपस्थितिमा कार्यालयको काम कारबाही प्रभावकारी बनाउन कर्मचारी वैठक बसेर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

१. निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

२. सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.)

३. सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी

४. लेखापाल श्री कमला रावत

५. नायव सुब्बा श्री किरणकुमार जैशी

६. नायव सुब्बा श्री सुमनकुमार चौधरी

७. खरिदार श्री जावन सिंह रामजाली

८. खरिदार श्री सनि कक्रेल

९. सहायक कम्प्यूटर अपरेटर श्री दिक्षा गुरुङ्ग विदामा रहेको

१०. हलुका सवारी चालक श्री पर्शुनन्दन चौधरी

११. कार्यालय सहयोगी श्री बुद्धिराम चौधरी

१२. कार्यालय सहयोगी श्री रिता रिजाल

१३. कार्यालय सहयोगी श्री महेश चौधरी

१४. कार्यालय सहयोगी श्री दिपेश वली

छलफलका विषयहरु

१. कार्यालयको बगैचा व्यवस्थापन र सरसफाई सम्बन्धमा ।

२. कार्यालयको वार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

निमित्त सह-न्यायाधिवक्ता

३. कर्मचारीको कार्यविभाजन अनुसार कार्यविवरण तोक्ने सम्बन्धमा ।

४. वडा दशैको घटस्थापनाको दिन र वडा दशै अवधीभर कार्यालयको हाताभित्र रहेको शोभा भगवती मन्दिरको पूजा अर्चना सम्बन्धमा ।

५. शोभा भगवती मन्दिरको संरक्षकको रुपमा रहेको उच्च सरकारी वकील कार्यालयको तुलसीपुरको नाममा रहेको जग्गाको संरक्षण सम्बन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं १ उपर छलफल गर्दा यस कार्यालयको बगैचा व्यवस्थापनका लागि लेखासँग समन्वय गरी गमला, फुल, मलको व्यवस्था गर्ने र बगैचाको लागि क्षेत्र छुट्टाउने निर्णय गरियो । यसका लागि दैनिक रुपमा पालोपहरामा बस्ने कार्यालय सहयोगीले अन्य कार्यालय सहयोगीको सहयोग लिई बगैचा व्यवस्थापन गर्ने निर्णय गरियो । हरेक विहिबार यस कार्यालयका कार्यालय सहयोगीहरुले खाजा समय पछि कार्यालय भवन, कार्यालय भित्र रहेको मन्दिर क्षेत्र र कार्यालय परिसरको सरसफाई गर्ने तथा उक्त कार्यमा हलुका सवारी चालक कार्यालयमा भएको अवस्थामा सहयोग गर्ने निर्णय गरियो। यसैगरी प्रत्येक शुक्रबार कार्यालय भवन, कार्यालयका कर्मचारीहरुको निवास भवन, कार्यालय भित्र रहेको मन्दिर क्षेत्र र कार्यालय परिसरको सबै कर्मचारीहरु सरसफाई कार्यमा सरिक हुने निर्णय गरियो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा यस कार्यालयको आ.व. २०८२।०८३ मा वार्षिक कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा यस कार्यालयका कर्मचारीहरुलाई कार्यालयको कामको प्रकृति अनुसार कार्यविभाजन गरिए अनुसार प्रत्येक कर्मचारीहरुलाई कार्यविवरण तोकी काममा लगाउने निर्णय गरियो ।

निमित्त सह-न्यायाधिवक्ता

श्री उच्च सरकारी वकील कार्यालय तुलसीपुर २०७२

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा वडा दशैको घटस्थापनाको दिन र वडा दशै अवधीभर कार्यालयको हाताभित्र रहेको शोभा भगवती मन्दिरको पूजा अर्चना सम्बन्धमा आवश्यक व्यवस्थापन गर्नका लागि सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.) को संयोजकत्वमा लेखापाल श्री कमला रावत, नायव सुब्बा श्री सुमनकुमार चौधरी र हलुका सवारी चालक श्री पर्शुनन्दन चौधरीसमेतको समिति गठन गर्ने निर्णय गरियो । उक्त धार्मिक कार्यक्रमलाई भब्य रुपमा सम्पन्न गर्ने कार्यमा कार्यालयमा कार्यरत सम्पूर्ण सरकारी वकील र कर्मचारीहरुले आवश्यक सहयोग र समन्वय गर्ने तथा यस कार्यका लागि सरोकारवाला सरकारी र गैर सरकारी निकाय, दाङ जिल्लामा रहेका मातहत कार्यालयमा कार्यरत सरकारी वकील र कर्मचारीहरु र अन्य निकायमा कार्यरत सरकारी वकीलहरु र सेवा निवृत्त पूर्व सरकारी वकील र सरकारी वकील कार्यालयमा कार्यरत रहि सेवा निवृत्त भएका कर्मचारीहरुसँग समेत समन्वय गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा शोभा भगवती मन्दिरको संरक्षकको रुपमा रहेको उच्च सरकारी वकील कार्यालय तुलसीपुरको नाममा रहेको जग्गाको संरक्षण सम्बन्धमा मिति २०८२।५।४ गते उच्च सरकारी वकील कार्यालय तुलसीपुर र तुलसीपुर उपमहानगरपालिका बीच भएको सम्झौताको विषयमा कर्मचारीहरुलाई जानकारी दिने कार्य भयो । शोभा भगवती मन्दिरको संरक्षकको रुपमा उच्च सरकारी वकील कार्यालय तुलसीपुरको नाममा तुलसीपुर उपमहानगरपालिकामा रहेको अतिक्रमण भएको जग्गाको संरक्षण गर्ने कार्यमा सरोकारवाला निकायसँग समन्वय र पहल गर्ने कार्यमा यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले प्रभावकारी रुपमा कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

२०८२।५।१५

निमित्त सह-न्यायाधिवक्ता